नेपाल सरकार

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरवारको

# पर्यटन तथ्यांक प्रशोधन गर्ने कार्यको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(गोरखापत्रमा प्रकाशित मिति :– २०६६।११।१९)

पर्यटक तथ्यांक प्रशोधन गर्ने कार्यको लागि सन् २०१० मा नेपाल आए/गएका पर्यटकहरुले भरेका डिस्इम्बार्केसन, इम्बार्केशन तथा नेपाली नागरिकहरुले विदेश भ्रमणमा जाँदा तथा फर्कदा भरेका आगमन तथा गमन कार्डहरु करिव २२ (बाइस) लाख प्रति कम्प्युटरको माध्यमबाट यस मन्त्रालयले उपलब्ध गराएको नमूना अनुसार प्रशोधन गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक सम्बन्धित फर्म/संस्थाहरुबाट निम्नानुसारको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउ पत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. दरभाउपत्र फाराम रु.३००।– (फिर्ता नहुने) तिरी यस मन्त्रालयको आर्थिक प्रशासन शाखा, सिंहदरवार वा पर्यटन उद्योग महाशाखा, भृकुटीमण्डपबाट खरिद गर्नु पर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिन दिनको १४:०० वजेभित्र मन्त्रालयको खरिद इकाईमा दाखिला गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको २.५% ले हुने रकमको वैंक जमानत (सिलबन्दी दरभाउपत्र खोलेको मितिले कम्तीमा ७५ दिन म्याद भएको विडवण्ड) वा यस मन्त्रालयको एभरेष्ट बैंक लिमिटेड सिंहदरवार स्थित धरौटी खाता नं. १३५००७/०६६ मा जम्मा गरेको सक्कल भौचर र संस्था दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०६५।०६६ सम्मको कर चुक्ता प्रमाण वा कर विवरण दाखिला गरेको प्रमाण संलग्न हुनु पर्नेछ ।

४. सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको कागजात सिलवन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

५. पर्न आएका दरभाउपत्रहरु १६औं दिन दिनको १५:०० वजे मन्त्रालयको भवन सिंहरदरवारमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।

६. दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा परेमा सोपछि क्रमशः कार्यालय खुलेको दिनलाई मानिनेछ ।

७. दरभाउपत्र फाराममा निर्दिष्ट भए अनुसार जम्मा कवोल रकम उल्लेख भए अनुसार सो रकममा भ्याट समेत जोडी कुल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

८. रित नपुगेको, म्याद नाघि प्राप्त भएको वा केरमेट भई अंक/अक्षर नवुझिने तथा सिलवन्दी दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. पर्न आएका कुनै पनि दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार मन्त्रालयमा सुरक्षित रहनेछ ।

१०. एक पटक पेश भएको सिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

११. दरभाउपत्र फाराम खरिद कार्य यस मन्त्रालयको आ.प्र. शाखा सिंहदरवार र पर्यटन उद्योग महाशाखा, भृकुटीमण्डपबाट हुनेछ तर सिलवन्दी दरभाउपत्र दाखिला सम्बन्धी कार्य मन्त्रालयको आ.प्र. शाखा, सिंहदरवारमा मात्र हुनेछ ।

१२. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ । विस्तृत जानकारी लिन चाहेमा मन्त्रालयको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

१३. यो सूचना मन्त्रालयको सूचनापाटी तथा वेवसाईट **www.tourism .gov.np** मा पनि हेर्न सकिनेछ ।